नगर सभाबाट स्वीकृत मितिः २०७४।०४।०७

# त्रिवेणी नलगाड नगरपालिकाको विनियोजन ऐन २०७४

## त्रिवेणी नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### खगेनकोट जाजरकोट

प्रदेश नं ६ नेपाल

त्रिवेणी नलगाड नगरपालिका

# त्रिवेणी नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७४

त्रिवेणी नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** त्रिवेणी नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम त्रिवेणी नलगाड नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "त्रिवेणी नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची २ मा उल्लिखित चालू खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु ३४,४५,४८,०००।(अक्षरुपी चौतिस करोड पैतालिस लाख अठचालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त त्रिवेणी नलगाड नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि - १

## संञ्चित कोषमा प्राप्त हुने रकम

| सि.नं. | शीर्षक | अनुमान | कैफियत |
|---|---|---|---|
| १ | शःसर्त अनुदान | १०,२०,७८,०००/- | |
| २ | वित्तिय समानीकरण अनुदान | २३,४४,८५,०००/- | |
| ३ | गत वर्षको संघिय संरचना तथा पूर्वाधार विकास कार्यक्रम | ५१,५०,०००/- | |
| ४ | राजश्व बाँडफाँटबाट प्राप्त रकम | २,३५,०००/- | |
| ५ | आन्तरिक राजश्व अनुमान | २६,००,०००/- | |
| | कुल जम्मा व्यय हुने रकम रु | ३४,४५,४८,०००/- | |

त्रिवेणी नलगाड नगरपालिका

अनुसूचि - २

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| सि.नं. | शीर्षक | अनुमान | कैफियत |
|---|---|---|---|
| १ | शःसर्त कार्यक्रम खर्च तर्फ | १०,२०,७८,०००/- | |
| २ | चालु कार्यक्रम खर्च तर्फ | ४,३८,७०,०००/- | १८.०९% |
| ३ | पूजिगत कार्यक्रम खर्च तर्फ | १७,२१,१९,०४९/- | ७०.९९% |
| ४ | विषयगत कार्यालय खर्च तर्फ | १,८५,१०,०००/- | ७.६३% |
| ५ | अन्य चालु खर्च तर्फ | १३,०५,०००/- | ०.५४% |
| ६ | कन्टिन्जेन्सि रकम तर्फ | ६६,६५,९५१/- | २.७५%(३.७३%) |
| | कुल जम्मा व्यय हुने रकम रु | ३४,४५,४८,०००/- | |

त्रिवेणी नलगाड नगरपालिका